


## परियोजना बारे

सन् २०१५ को महाभूकम्प गए लगत्तै एन्फोले अक्सफामसँगको सहकार्यमा ललितपुर जिल्लाको महालक्ष्मी नगरपालिका (साविकको इमाडोल, टिकाथली, सिद्धिपुर, लुभु र लामाटार) र भक्तपुर जिल्लाको साविकको नगरकोट नगरपालिका (नगरकोट, ताथली, बागेश्वरी, सुदाल) मा नेपाल भुकम्प प्रतिकार्य कार्यक्रम - २०१५/२०१६ कार्यान्वयन गरेको थियो । यो परियोजनाले भूकम्प प्रभावित र उच्च जोखिममा परेका समुदायलाई सुरक्षित खानेपानी, साधारण चर्पी, हाइजिन किट जस्ता सरसफाइका सुविधाहरू दिने र जनचेतना अभिवृद्धिका कार्यहरू गरी आपत्कालीन प्रतिकार्य र पुनरउत्थानका कार्यक्रमहरू सञ्चालन गर्नमा योगदान दिएको छ । साथै दुई नगरपालिका र दुई जिल्लाका ३२ वटा वडाका प्रभावित समुदायलाई भूकम्प प्रतिरोधात्मक भवन पुनरनिर्माण गर्ने र आपत्कालीन अवस्थाको तयारी र प्रतिकार्य क्षमता अभिवृद्धि गर्ने ज्ञान-सीपका कुराहरू प्रचार गर्नमा पनि यस परियोजना केन्द्रित रहको थियो ।

यस प्रकाशनमा महालक्ष्मी नगरपालिका र नगरकोट नगरपालिकाका केही बासीन्दाहरूको भनाइ समावेश गरिएको छ जसमा नेपाल भुकम्प प्रतिकार्य परियोजना - २०१५/२०१६ को सहयोगबाट उनीहरूको जीवनमा आएको परिर्वतन बारे प्रस्तुत गरिएको छ ।

थप जानकारीका लागि

ENPHO Creating Eco Societies

वातावरण र जनस्वास्थ्य संस्था (एन्फो)
११०/२५ आदर्श मार्ग-१, नयाँ बानेश्वर । पो.व.नं. ४१०२, काठमाडौं, नेपाल
फोन : ५२४४६४१, ४५२४४०५१ । फ्याक्स : ९७७-१-५२४४३७६
इमेल : enpho@enpho.org । वेबसाइट : www.enpho.org

सेप्टेम्बर २०१६

# समुदायका आवाजहरु

## नेपाल भुकम्प प्रतिकार्य परियोजना-२०१५/१६



सरसफाइ र मल एकै साथ



नमुना गाउँ गैरिगाउँ



समस्या रहेन अब महिनावारी



फिल्टरले ल्याएको खुसी

ENPHO Creating Eco Societies

OXFAM

# फिल्टरले ल्याएको खुसी

"पहिले पानी पिउन नमान्ने बच्चाहरू अहिले पुग्ने गरी पानी पिउँछन् । विद्यालयमा पठाउन पनि पानीको कुनै समस्या छैन । म आफै पनि प्रशस्त पानी पिउने गर्दछु," ललितपुर जिल्लाको खोलाडिल, लामाटार निवासी श्रीमती लक्ष्मी घिमिरे बताउँछिन् ।

पहिले लक्ष्मी लामाटार डाडाँको मूलबाट संकलित पानी बिना कुनै शुद्धिकरण पिउने गर्थिन् । कहिलेकाहिँ मूलको पानी लेदो र फोहरको कारण गन्हाउँथ्यो । उनीहरू अन्य विकल्प नभएका कारण दूषित पानी पिउन बाध्य थिए र झाडापखाला, आउँ, रुघा- खोकी जस्ता रोगबाट पिडित थिए । उनलाई घरेलुस्तरमा खानेपानी शुद्धिकरण गर्नुपर्छ भन्ने पनि जानकारी थिएन ।


फोटो : ललिता मानन्धर/एन्फो

प्रयोगशालामा गरिएको समुदायको खानेपानीको नमुना परिक्षणमा सबै नमुना पिउन योग्य नहुने गरी प्रदुषित रहेको पाइयो । सो समस्या हल गर्न ५८ वटा घरधुरीमा बायोस्याण्ड फिल्टर वितरण गरिएको थियो । उक्त फिल्टरको प्रयोगपछि समुदायको स्वास्थ्यमा सुधार भएको लक्ष्मी बताउँछिन् । ***"फिल्टरको नियमित प्रयोगले पानी गन्हाउने समस्या समाधान भयो र साथै झाडापखाला, आउँ, रुघा-खोकी जस्ता रोगहरूमा पनि कमि आएको छ । खोलाडिलका मानिसहरू अहिले खानेपानी र सरसफाइ प्रति निकै नै सचेत छन्," श्रीमती लक्ष्मी भन्छिन् ।*** बायोस्याण्ड फिल्टरको प्रयोगले यस गाउँका करिब ३०० व्यक्तिहरू लाभान्वित भएका छन् ।

# सरसफाइ र मल एकै साथ

३५ वर्षका श्री शिव खड्का ललितपुर जिल्लाको ढुङ्गिनी, महालक्ष्मी नगरपालिका वडा नं. २ निवासी हुन् । आफनो परिवारको लालनपालनको लागि उनी कृषिमा निर्भर छन् । एन्फो र अक्सफामको सहयोगमा सो नगरपालिकामा ४ वटा मलचर्पी निर्माण भएको मध्ये एक मलचर्पी प्रयोगकर्ता हुन् उनी । पहिले आफ्नो बारीको उब्जनी बढाउन विषादी र रसायनिक मलको प्रयोग गर्दथे । त्यसबाट उब्जनीमा वृद्धि भएतापनि केहि समय पश्चात् त्यसको नकारात्मक असरहरू देखिए ।


फोटो : ऋतु शर्मा/एन्फो

मलचर्पीको बारेमा जानकारी पाएपछि एन्फोको सहयोगमा उनले तत्कालै मलचर्पी निर्माण गरे । हाल उनले ६ रोपनी जग्गा भाँडामा लिएर व्यवसायिक रूपमा जैविक खेती (अर्गानिक फार्मिङ) सञ्चालन गरिरहेका छन् । मलचर्पीबाट प्राप्त पिसाब प्रयोग गर्दा उत्पादनमा वृद्धि भएको पाएका छन् । हाल उनले काँक्राको एक बोटबाट १७ किलो सम्म काँक्रो फलाएर गाउँकै उदाहरण बनेका छन् ।

उनले मलचर्पीको प्रयोगसँगै वरपरको दिसाजन्य लेदो समेत खाल्डो खनेर मल बनाई प्रयोग गर्दै आइरहेका छन् । घरमा आउने मानिसहरूलाई उनी ताजा तरकारी खुवाउँछन् र मलचर्पी र पिसाबको प्रयोग बारे पनि जानकारी दिदैं आएका छन् । ***"मलचर्पी मेरो लागि बरदान सरह नै भएको छ, पिसाबको प्रयोगले खेतबारीको मलको समस्यालाई पूर्ति गरेको छ र उत्पादनमा समेत वृद्धि भएको छ ।" शिव खुसीका साथ भन्छन् ।***

# नमूना गाउँ गैरिगाउँ

ललितपुर जिल्लाको गैरिगाउँ, वडा नं. २, महालक्ष्मी नगरपालिका निवासी ३५ बर्षे श्रीमती शोभा पुर्कुटी आफ्नो परिवारसँग घसायसी कामकाज गर्दै जीवन बिताउँदै छिन् । दलितहरूको बाहुल्यता रहेको यस गाउँमा पानी र फोहरमैलाको ठूलो समस्या थियो । गाउँको बाटो आवत जावत गर्दा गन्धको समस्या हुन्थ्यो । पानी लिन पनि निकै टाढा पुग्नु पर्थ्यो । यस्ता समस्याले शोभालाई निकै पिरल्थ्यो ।


फोटो :तेजकिरण जोशी/एन्फो

"परियोजना अन्तर्गत संचालित विभिन्न चेतनामूलक कार्यक्रम र पूर्ण सरसफाइका सुचकहरू जस्तै सुरक्षित पानी, उन्नत सरसफाइ र चर्पी, व्यक्तिगत स्वच्छता, फोहर व्यवस्थापन, भान्छा व्यवस्थापन र वातावरणीय सरसफाइको पूर्णताले आज आफ्नो गाउँ नमुना गाउँको रूपमा विकसित भएको छ ।" शोभा भन्छिन् । कार्यक्रमले सम्पूर्ण गाउँको मुहार नै फेरिएको छ ।

यस गाउँको पानीको समस्यालाई न्युनिकरण गर्न घरको छानाबाट आकासेपानी संकलन गर्ने प्रविधि प्रवर्द्धन गरिएको छ । आकासेपानी संकलनले पानी लिन टाढा जानु परेको छैन । यसरी बचेको समयमा घरको अन्य काम पनि समयमै गर्न पाएका छन् ।

***शोभा भन्छिन् "पूर्ण सरसफाइका सबै पक्षहरूमा ध्यान पुऱ्याउँदा वरिपरिको वातावरण सफा हुनुका साथै आफू र आफ्नो समुदायको इज्जत र शोभा समेत बढेको छ" ।*** यसरी सम्पूर्ण गैरीगाउँबासीहरू आफ्नो गाउँठाउँमा आएको परिवर्तन प्रति निकै नै हर्षित छन् ।

# समस्या रहेन अब महिनावारी

सामान्यतया महिनावारी स्वच्छता खुलेर बहस नगरिने तर ध्यान पुराउनुपर्ने विषय हो । भक्तपुर जिल्लाको नगरकोट नगरपालिका वडा नं ७, सरस्वती स्थानमा रहेको श्री सरस्वती मा. वि. का विद्यार्थीहरू पनि किताबमा पढेको कुराहरू व्यवहारमा उतार्न अलमलिरहेका थिए । स्यानीटेरी प्याडको व्यवस्थापन नहुँदा छात्राहरू महिनावारीको समयमा विद्यालयबाट आधा छुट्टीमै घर जानुपर्ने बाध्यता थियो । स्यानीटेरी प्याडको उचित प्रयोगबारे राम्रो जानकारी थिएन । उनीहरू आफूले भोगेका पिडाहरू आफ्ना छात्रा मित्रहरूसँग खुलेर भन्ने गर्थे तर छात्र मित्रहरूसँग भने खुलेर भन्नसक्ने वातावरण थिएन ।


फोटो :तेजकिरण जोशी/एन्फो

महिनावारी स्वच्छता सम्बन्धी अभिमुखिकरण कार्यक्रम सञ्चालन भए पश्चात् विद्यार्थीहरूले आफूले पढेका कुराहरू बारे थप व्यवहारिक ज्ञानका साथै महिनावारी भएको समयमा आफ्नो विशेष ध्यान राख्नुपर्छ भन्ने जानकारी प्राप्त गरे ।

***"अहिले स्यानीटेरी प्याड र प्याड जलाउने ठाउँको व्यवस्था भएकोले हामीलाई धेरै सहयोग पुगेको छ । महिनावारी हुँदा पढाइ छोडेर घर जानुपर्ने बाध्यता अब रहेन ।" कक्षा १० मा अध्यनरत श्रीशा अधिकारी हर्षित हुँदै भन्छिन् ।***

यहाँका छात्राहरू आफूले भोग्नुपरेको समस्याको ज्ञान आफ्ना छात्र मित्रहरूले बुझिदिएकोमा साह्रै नै खुसी छन् । आफूले जाने सिकेको कुराहरू आफ्नो घरपरिवार र समुदायलाई पनि बुझाउन उनीहरू विभिन्न प्रयास पनि गरिरहेका छन् ।